बागमती प्रदेश सरकार

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौडा

# स्नातक तह/स्नातकोत्तर तहमा अध्ययनरत बिद्यार्थीहरुलाई शोधबृति वितरण कार्यबिधि, २०८१

(बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको (माननीय मन्त्रीस्तर )
निर्णयबाट मिति २०८१/०५/१९ मा स्वीकृत)

बागमती प्रदेश सरकार

**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय**

बागमती प्रदेश, हेटौडा

आ.ब. २०८१/८२

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

# स्नातक तह /स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधबृति वितरण कार्यविधि, २०८१

**प्रस्तावना:** भाषा, संस्कृति र पर्यटन क्षेत्रको विकास र विस्तारमा यस सम्बन्धी अध्ययन अनुसन्धानको भूमिकालाई मध्यनजर राख्दै स्नातक तह वा स्नातकोत्तर तहमा पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय तथा विभिन्न भाषाहरु जस्तै नेवार भाषा, तामाङ भाषा, संस्कृत भाषा तथा लोपोन्मुख भाषा जस्ता विषयमा गरीने अध्ययन अनुसन्धानमा यस प्रदेशलाई अध्ययनको क्षेत्र बनाई अनुसन्धानरत वन विज्ञान, वातावरण विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान तथा भाषा विज्ञान, संस्कृति जस्ता विषयमा विशिष्ट विधाका रुपमा अध्ययन गर्ने विद्यार्थीहरुबाट हुने शोध कार्यलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "स्नातक तह/ स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधबृति वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

(ख) "विश्वविद्यालय" भन्नाले नेपाल सरकारको स्वीकृतीमा नेपालमा स्थापना भई अध्ययन अनुसन्धान गराउने विश्वविद्यालयहरुलाई सम्झनु पर्दछ।

(ग) "केन्द्रीय विभाग/कार्यक्रम" भन्नाले कुनैपनि विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेका पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय तथा विभिन्न भाषाहरु जस्तै नेवार भाषा, तामाङ भाषा, संस्कृत भाषा तथा लोपोन्मुख भाषा अध्ययन अध्यापन र अनुसन्धान गर्ने निकाय सम्झनु पर्दछ।

(घ) "शुल्क" भन्नाले पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय तथा विभिन्न भाषाहरु जस्तै नेवार भाषा, तामाङ भाषा, संस्कृत भाषा तथा लोपोन्मुख भाषा अध्ययन र अनुसन्धान गर्दा लाग्ने सबै प्रकारको शुल्कलाई सम्झनु पर्दछ।

(ङ) "शोधपत्र" भन्नाले पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय तथा विभिन्न भाषाहरु जस्तै नेवार भाषा, तामाङ भाषा, संस्कृत भाषा तथा लोपोन्मुख भाषा अध्ययन र अनुसन्धान गर्ने विद्यार्थीहरुले पाठ्यक्रममा तोकिएको पाठ्यघण्टा (Credit Hour) अनुसारको अनुसन्धान गरी तयार पार शोधपत्रलाई सम्झनु पर्दछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(च) "शोध कार्य" भन्नाले पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय तथा विभिन्न भाषाहरु जस्तै नेवार भाषा, तामाङ भाषा, संस्कृत भाषा तथा लोपोन्मुख भाषा अध्ययन र अनुसन्धान गर्ने विद्यार्थीहरुले पाठ्यक्रममा तोकिएको पाठयघण्टा (Credit Hour) अनुसार भए गरेका अनुसन्धानात्मक कार्यलाई सम्झनु पर्दछ।

(छ) "विद्यार्थी" भन्नाले विश्वविद्यालयको स्नातक तह वा स्नातकोत्तर तहमा अध्ययन गर्ने नियमित अध्यनरत विद्यार्थीलाई सम्झनु पर्दछ।

## परिच्छेद – २
## छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था

**३. शोधबृति प्रदान गरिने विषयहरु:** मन्त्रालयले देहायको ३ विद्यामा अध्ययनरत बढीमा १०/१० जना विद्यार्थीहरुलाई शोधबृति बढीमा रु ५० हजार सम्म रकम प्रदान गर्नेछ।

(क) तामाङ भाषा वा नेपाल/नेवारी भाषा विषय

(ख) पर्यापर्यटन/जैविक विविधता/पर्वतारोहण अध्ययन/ पारिस्थितीकिय प्रणाली जस्ता विषय

(ग) संस्कृत भाषा वा लोपोन्मुख जातजातीका भाषा विषय

**४. आवेदन तथा छनौट सम्बन्धि प्रकृया:** (१) प्रोत्साहनका लागि विद्यार्थी छनौट गर्दा देहायको प्रकृया अपनाइने छ।

(क) सम्भावित विद्यार्थीको छनौटका लागि मन्त्रालयले राष्ट्रिय पत्रिकामा १५ दिने सुचना प्रकाशित गर्नेछ।

(ख) इच्छुक विद्यार्थीहरुले अनुसूचि – १ बमोजिमको ढाँचाको निवेदनसँगै अनुसूचि – २ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

(ग) निवेदन दिंदा दफा ४ बमोजिमका योग्यता पुगेका विद्यार्थीहरुले निवेदन दिन सक्नेछन।

घ) मन्त्रालयले आवेदन दिएका विद्यार्थीहरुमध्ये मूल्याङ्कन तथा प्रोत्साहन सम्बन्धि सिफारिस गर्न गठित समितिको सिफारिसमा प्राप्त उच्चतम अंक ल्याउने विद्यार्थीलाई छनौट गर्नेछ।

**५. निवेदकहरुको योग्यता:** (१) स्नातक तह वा स्नाकोत्तर तहमा शोध प्रस्ताव स्वीकृत भएका वा शोध प्रस्तावका लागि विषय छनौट भएको भनी सम्बन्धित निकायबाट सिफारिस गरेका नियमित विद्यार्थीहरु।

(२) शोध कार्यका लागि अन्य संस्था / निकायबाट कुनैपनि सहयोग प्राप्त नगरेका विद्यार्थीहरु।

**६. शोध कार्य प्रोत्साहनको लागि छनौटका प्राथमिकता:** स्नातक तह वा स्नातकोत्तर तहमा शोध प्रस्ताव दर्ता गराएका विद्यार्थीहरुको छनौट गर्दा तपशिलको प्राथमिकताका आधारमा गरिनेछ।

(क) स्नातक वा स्नाकोत्तर तहमा शोध प्रस्ताव दर्ता गराएका विद्यार्थीहरु।

(ख) शोध प्रस्ताव दर्ता गराउने अवधि पुगेका तर शोध पत्र तयार गर्ने प्रतिवद्वता, शोधको विषय छनौट सहित विभाग वा कार्यक्रम प्रमुखबाट सिफारिस भइआएका विद्यार्थीहरु।

*पुनश्चः खण्ड (क) बमोजिमका विद्यार्थीहरु पर्याप्त भएमा खण्ड (ख) बमोजिमका विद्यार्थीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने गरी छनौट गरिने छैन।*

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

**७. छनौटका आधारहरु:** (१) शोधपत्र सहयोगका लागि विद्यार्थी छनौट गर्दा विद्यार्थीको नियमितता, शोधको विषयवस्तु, स्नातक वा स्नाकोत्तर तहको परीक्षामा प्राप्त नतिजा, शोध अध्ययन गर्ने विषयवस्तुको क्षेत्र र समावेशीता समेतलाई आधार बनाइनेछ।

(२) ग्राह्यता परिक्षणमा उत्तीर्ण भएका प्रस्तावहरुको मात्र विस्तृत मूल्याङ्कन गरीने छ।

(३) शोध प्रस्तावहरुको विस्तृत मूल्याङ्कन दुइ चरणमा गरीनेछ। पहिलो चरणमा विद्यार्थीहरुले पेश गरेको शोध प्रस्ताव मूल्याङ्कन समिति सदस्यहरु र विषयगत विज्ञ समेतको संयुक्त बैठकले मूल्याङ्कन गरी मूल्याङ्कन समितिले मन्त्रालयमा पेश गर्नुपर्नेछ र तत्पश्चात मन्त्रालयले योग्यताक्रमको आधारमा प्रत्येक विधामा शोधवृति प्रदान गरीने विद्यार्थी संख्याको १५० प्रतिशत संख्यामा संक्षिप्तसूची तयार गर्नेछ।

(४) दोस्रो चरणमा संक्षिप्त सूचीमा परेका विद्यार्थीहरुलाई मिति र स्थान तोकी शोध प्रस्ताव प्रस्तुतीकरणका लागि मन्त्रालयले आमन्त्रण गर्नुपर्नेछ। शोध प्रस्ताव प्रस्तुतीकरणमा देहाय बमोजिमको अंक प्रदान गरिनेछ।

- विद्यार्थीको प्रस्तुतीकरणको आधारमा मूल्याङकन समितिले अधिकतम १५ अंक
- प्रस्तुतीकरणको आधारमा विषयगत विज्ञले अधिकतम २० अंक र
- विद्यार्थीको अघिल्लो शैक्षिक सत्रको नतिजाको आधारमा अधिकतम १५ अंक प्रदान गरीनेछ जुन अंक स्नातक तह र स्नातकोत्तर तहको हकमा अघिल्लो शैक्षिक सत्रको नतिजामा विशिष्ट श्रेणी वा सोरह भए १५ अंक, प्रथम श्रेणी वा सोरह भए १२ अंक र द्वितीय श्रेणी वा सोरह भए १० अंक प्रदान गरिनेछ।

(५) दुबै चरणमा प्राप्त गरेको अंकको योगफल निकाली योग्यताक्रमको आधारमा विद्यार्थी छनौटको लागि मन्त्रालय समक्ष सिफारिस गरीनेछ।

(६) विषयगत प्रस्ताव मूल्याङ्कन आधारहरुको अंक सहितको विस्तृत विवरण अनुसूचि - ३ मा उल्लेख भए बमोजिम हुनेछ

**८. छनौटका लागि सिफारिस तथा मूल्याङ्कन समिति:** (१) विद्यार्थी प्रोत्साहनका लागि छनौट तथा सिफारिस गर्न देहाय अनुसारको एक सिफारिस तथा मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| क) सचिव, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय | - संयोजक |
| ख) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय | - सदस्य |
| ग) कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| घ) लेखा अधिकृत मन्त्रालय | - सदस्य |
| ङ) शाखा प्रमुख, संस्कृति शाखा | – सदस्य सचिव |

(२) यस समितिले आवश्यकतानुसार संस्कृति तथा भाषा विधा तर्फका व्यक्तिहरुलाई विज्ञ सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(३) समितिले आफ्नो बैठक सम्बन्धि कार्यविधि आफै तय गर्न सक्नेछ ।

**९. सिफारिस तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार:** सिफारिस तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) निवेदन दिने विद्यार्थीहरुको मूल्याङ्कन गर्ने ।

ख) प्रोत्साहनका लागि विद्यार्थी छनौट गरी रकम सहित सिफारिस गर्ने ।

ग) आवश्यकता अनुसार सहजिकरणका लागि उपसमिति गठन गर्ने ।

**१०. सम्झौता:** शोध कार्यका लागि छनौट भएका विद्यार्थीहरुसँग मन्त्रालयले अनुसूचि-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

## परिच्छेद ३
## सहयोग तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

**११. सहयोग तथा प्रोत्साहन सम्बन्धी व्यवस्था:** (१) मन्त्रालयको निर्णयको आधारमा शोध कार्य वापतको सहयोग तथा प्रोत्साहन रकम छनौट भएका विद्यार्थीहरुलाई उपलब्ध गराइनेछ ।

(२) शोध कार्यको रकम शोधपत्रका विषयवस्तु आधारमा फरक-फरक हुन सक्नेछ ।

(३ शोध कार्यको सहयोग तथा प्रोत्साहन रकम शोधपत्रको विषय वस्तु, कार्य क्षेत्र र शोधकार्य प्रकृतिको आधारमा बढिमा रु. ५० हजारसम्म उपलब्ध गराइनेछ ।

(४) छनौट भएका विद्यार्थीहरुलाई सम्बन्धित विभाग / कार्यक्रमबाट स्वीकृत भएको २ प्रति शोधपत्रको हार्ड वाईन्डिङ (१ प्रति सम्बन्धित मन्त्रालय र १ प्रति आर्थिक मामिला तथा योजना मन्त्रालयका लागि) प्राप्त भए पश्चात बाँकी रकम भुक्तानी दिइनेछ ।

(५) कार्ययोजना अनुसार कार्य नभएमा वा तोकिएको समयमा शोधपत्र नबुझाएमा सहयोग तथा प्रोत्साहन रकम उपलब्ध गराईने छैन ।

## परिच्छेद ४
## विविध:

**१२. उपसमिति गठन सम्बन्धी व्यवस्था:** शोध कार्यमा सहयोग तथा सहजीकरणका लागि मन्त्रालयका संस्कृति हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विश्वविद्यालयको विभाग / कार्यक्रम प्रमुख, सम्बन्धित विद्यार्थीका शोध निर्देशकहरु र सम्बन्धित शाखाका शाखा प्रमुख सदस्य सचिव रहेने गरी एक समित रहनेछ । उक्त समितिमा बढिमा ३ जना विज्ञ सदस्य समेत आमन्त्रित गर्न सकिनेछ ।

**१३. अन्तिम निर्णय गर्ने अधिकार** : शोध कार्य सहयोग तथा प्रोत्साहनका लागि सिफारिस भएका विद्यार्थीहरुलाई सहयोग तथा प्रोत्साहन गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

**१४. कार्यविधिको संशोधन:** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकता अनुसार संशोधन / परिमार्जन गर्न सक्नेछ ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ४ (ख) बमोजिम)

**निवेदनको ढाँचा**

विद्यार्थीको नाम / थर: .................................................................

स्थायी ठेगानाः ........................................................

जिल्ला: .................................... मा.न.पा. /उ.मा.न.पा./न.पा./गा.पा. : ........................................... वडा ..........

नागरिकता नं:.................. जारी जिल्ला: ................................ जारी मिति ..................................

जन्म मिति: ................................................ . सम्पर्क नं.: ................................................

अध्ययन गरेको विश्वविद्यालयः ..........................................................

शैक्षिक योग्यता : स्नातक वा स्नातकोत्तर तहमा हासिल गरेको शैक्षिक योग्यता विवरण

| क्र.स | शैक्षिक बर्ष/ सेमेष्टर साल | पहिलो बर्ष/ समेष्टर जिपीए प्रतिशत | दोश्रो बर्ष/ समेष्टर जिपीए प्रतिशत | तेस्रो बर्ष/ समेष्टर जिपीए प्रतिशत | अन्तिम समेष्टर जिपीए प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | | |

शोध प्रस्तावको विषय: ..........................................................................

शोध निर्देशकको नाम / थर: ......................................................................

शोध निर्देशकको सम्पर्क नं.:..................................................................

शोधपत्र प्रतिवेदन बुझाउने संभावित अन्तिम मिति:............................................

मैले तोकिएको समयमा आफ्नो कार्य सम्पादन गरी बुझाउने छु। सो गर्न नसकेमा वा माथि लेखिएका विवरण झुटो ठहरे कानुन बमोजिम सहुला / बुझाउँला।

हस्ताक्षर:

मितिः

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची- २

(दफा ३ (ख) बमोजिम)

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदन

२. सम्बन्धित विभाग/कार्यक्रम प्रमुखको सिफारिस।

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

४. शोधपत्रको स्वीकृत प्रस्ताव प्रति

५. पछिल्लो पटक प्राप्त गरेको शैक्षिक लब्धाङ्क पत्रको प्रतिलिपी।

६. सम्बन्धित शोध कार्यका लागि अन्य संस्था / निकायबाट कुनै पनि सहयोग प्राप्त नभएको, सोही कार्यमा अन्य संस्था /निकायबाट सहयोग नलिने र निर्धारित समयमा कार्य सम्पन्न गर्ने प्रतिवद्धता पत्र।

७. नियमित अध्ययनरत भए/नभएको संबन्धित क्याम्पसबाट प्रमाणित भएको पत्र।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-३

(दफा ७ को उपदफा (६) बमोजिम)

**विषयगत प्रस्ताव मूल्याङ्कन फारम**

विद्यार्थीको नामः .......................................................... शैक्षिक संस्थाः ..........................

तहः ...................... विषय क्षेत्र: ........................... अध्ययन क्षेत्र: ..........................

शोध शिर्षकः ..............................................................................................................................

क. ग्राहयता परिक्षणः

| क्र.सं. | विवरण / योग्यताका आधार | छ/छैन |
|---|---|---|
| १ | विषय क्षेत्र | |
| २ | अध्ययन क्षेत्र | |
| ३ | अघिल्लो शैक्षिक सत्रको परिक्षामा कम्तिमा दोस्रो श्रेणी वा सोसरह अंक प्राप्त गरी उत्तीर्ण भएको | |
| ४ | विद्यार्थीले शोधवृति पाउनका लागि लेखेको सक्कल निवेदन | |
| ५ | नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी | |
| ६ | अध्ययनरत संस्थाको सिफारिस पत्र | |
| ७ | अनुसन्धान प्रस्ताव | |
| ८ | विद्यार्थी र सुपरिवेक्षकको वायोडाटा | |
| ९ | अन्य निकायहरुबाट शोधवृति नलिएको भन्ने स्वघोषणा पत्र- | |
| | **ग्राह्यता परीक्षण नतिजा (अनुत्तीर्ण / उत्तीर्ण)** | |

ख (पहिलो चरण) विस्तृत मूल्याङ्कन

| क्र.सं. | विवरण | अधिकतम अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | परिचय | २ | |
| २ | पृष्ठभूमी | ४ | |
| ३ | समस्याको पहिचान | ४ | |
| ४ | लक्ष्य र उद्देष्य | ४ | |
| ५ | अध्ययन अनुसन्धान विधि | ७ | |
| ६ | अध्ययन गरीने क्षेत्र | २ | |
| ७ | तथ्याङ्क संकलन विधि | ७ | |
| ८ | तथ्याङ्कको लागि नमूना छनौट विधि | २ | |
| ९ | तथ्याङक विष्लेषण विधि | ७ | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| १० | अध्ययन तालिका | २ | |
| ११ | हासिल हुने नतिजा | ३ | |
| १२ | आवश्यक रकम विभाजन | ३ | |
| १३ | सन्दर्भ सामाग्री | ३ | |
| | जम्मा | ५० | |

ग(दोस्रो चरण) विस्तृत मूल्याङ्कन

| क्र.स | विवरण | अधिकतम अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | विद्यार्थीको प्रस्तुतीकरणको आधारमा मूल्याङकन समितिले अधिकतम | १५ | |
| २ | प्रस्तुतीकरणको आधारमा विषयगत विज्ञले अधिकतम | २० | |
| ३ | विद्यार्थीको अधिल्लो शैक्षिक सत्रको नतिजाको आधारमा स्नातक तह र स्नातकोत्तर तहको हकमा अधिल्लो शैक्षिक) सत्रको नतिजामा विशिष्ट श्रेणी वा सोरह भए १५ अंक, प्रथम श्रेणी वा सोरह भए १२ अंक र द्वितीय श्रेणी वा सोरह भए १० अंक प्रदान गर्ने र विधिवारिधीको तहको हकमा १५ अङ्क | १५ | |
| | जम्मा | ५० | |
| | कूल जम्मा | १०० | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-४

(दफा १० बमोजिम)

## सम्झौता-पत्रको नमुना

बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, हेटौडा, नेपाल र शोधवृतिका लागि छनौट भएका विद्यार्थी श्री

...... ................................ ........................... बीच भएको

## सम्झौता-पत्र

१. विद्यार्थीहरुले छनौट भएको शोधवृत्ति प्रस्ताव तथा तोकिएको सुपरिवेक्षकको अधिनमा रहि आ. व. २०८१/०८२ को जेष्ठ महिना भित्र सम्पन्न गर्नुपर्नेछ।

२. सम्बन्धित विद्यार्थीले शोध प्रस्ताव प्रस्तुतिकरण पछि सच्याइएको अन्तिम शोधप्रस्ताव पत्र (Thesis Proposal) मन्त्रालयमा बुझाउनुपर्नेछ।

३. विद्यार्थीहरुले यस अनुसन्धान सहयोग रकम तपशिल बमोजिम तथ्याङ्क संकलनका लागि फिल्ड भ्रमण, यातायात खर्च, नमुना संकलन, हर्वेरियम सिट, हर्बेरियम पहिचान, रसायन खरिद, शोधपत्र प्रिन्टिङ, वाइन्डिङ आदिमा खर्च गर्न सक्नेछन्। शोधवृत्तिका लागि आवश्यक तथ्याङ्क संकलनका लागि फिल्ड भ्रमणमा खटिनका लागि सुपरिवेक्षकको सिफारिसमा सम्बन्धित क्याम्पस प्रमुखले भ्रमण आदेश स्वीकृत गरेको हुनुपर्नेछ भने सोको भ्रमण विल पनि सोहि बमोजिम यातायात र फुटकर खर्च समेत राखि क्याम्पसले स्वीकृत गर्नुपर्नेछ। साथै शोधपत्र प्रिन्टिङ र बाइन्डिङको रकमको बिल पेश गर्नुपर्नेछ।

| क्र.स | विवरण | इकाई | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | | | | | |
| २ | दैनिक भ्रमण भत्ता | दिन | | | | |
| ३ | शोधपत्र, प्रतिवेदन तयारी तथा छपाई | | | | | |
| ४ | अन्य फुटकर खर्च | | | | | |
| | | | | जम्मा | ५०,०००/- | |

४. उल्लेखित बुदाँ ३ अनुसारको बिल भर्पाई, शोधपत्र ( Thesis ) र क्याम्पसको सिफारिस पत्रको आधारमा मन्त्रालयले शोधवृत्ति रकम भुक्तानी गर्न सक्नेछ। मन्त्रालयबाट भुक्तानी हुने रकममा नियमानुसार करकट्टी गरी अन्तिम भुक्तानी प्रदान गर्नेछ। क्याम्पसले स्वीकृत गरेपछि फाइनल शोधपत्र मन्त्रालयमा अनिवार्य बुझाउनुपर्नेछ, अन्यथा विद्यार्थीले बुझेको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५. विद्यार्थीले अध्ययन अनुसन्धानको काम चालू आर्थिक वर्ष २०८१/०८२ को जेष्ठ मसान्त भित्रमा नै सम्पन्न गरी शोधपत्र (Thesis) बुझाई शोधवृत्ति रकम यस आ.व. भित्रै भुक्तानी लिनुपर्नेछ। तोकीएको अबधिमा बुदाँ नं. ३ बमोजिमको कागजातहरु मन्त्रालयमा पेश नगरेमा उक्त बाँकी रहेको रकम भूक्तानी गर्न मन्त्रालय बाध्य हुनेछैन साथै शोधपत्र बुझाउदा सुपरिवेक्षक र क्याम्पसको सिफारिस पत्र समेत संलग्न राख्नुपर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

६. विद्यार्थीले शोधपत्र प्रस्तुतीकरण तथा जर्नलहरुमा प्रकाशित गर्ने बैज्ञानिक लेख रचना लगायतमा यस मन्त्रालयको नाम Acknowledgement मा समाबेश गर्नुपर्नेछ।

७. यस शोधवृति अनुसन्धान सहयोग रकमको बिल भरपाईको लेखापरिक्षण गर्ने दायित्व मन्त्रालयको हुनेछ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय,
बागमती प्रदेश, हेटौडाको तर्फबाट

..............................
प्रदेश सचिव

..................................
विधार्थीको तर्फबाट
नाम र ठेगाना
सम्पर्क नं
ईमेल
अध्ययनरत विश्वविद्यालय र तह

ईति सम्बत ................................ साल ................. महिना ............... गते .............. शुभम्